# नरहा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

<u>कार्यपालिका बैठक</u>

<u>बैठक संख्या - २</u>

आज मिति २०७९ साल असोज महिनाको २६ गते बुधबार दिउसो ठिक ०२:०० बजे नरहा गाउँपालिका, सिरहाका अध्यक्ष श्रीमान् राम प्रमोद यादवको अध्यक्षतामा छलफल गर्न गाउँपालिकाको बैठक निम्न सहभागीहरुको उपस्थितिमा निम्न बमोजिमको एजेण्डाहरुमा छलफल गरि निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति :</u>

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री राम प्रमोद यादव | अध्यक्ष | |
| २. | श्री गुलाब देवी चौधरी | उपाध्यक्ष | |
| ३. | श्री अशोक कुमार महतो | अध्यक्ष वडा नं. १ | |
| ४. | श्री सम्झना सिंह | अध्यक्ष वडा नं. २ | |
| ५. | श्री मो. रुस्तम अन्सारी | अध्यक्ष वडा नं. ३ | |

| | | | |
|---|---|---|---|
| ६. | श्री राम विलेक्षण यादव<br>नरहा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरहा, जिल्ला-सिरहा मधेश प्रदेश, नेपाल | अध्यक्ष वडा नं. ४ | |
| ७. | श्री हुकुम देव यादव | अध्यक्ष वडा नं. ५ | |
| ८. | श्री श्याम कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री प्रमिला देवी सदाय | कार्यपालिका सदस्य | |
| १०. | श्री मनरागी खत्वे मण्डल | कार्यपालिका सदस्य | |
| ११. | श्री सुकरिता यादव | कार्यपालिका सदस्य | |
| १२. | श्री मुसहर महरा | कार्यपालिका सदस्य | |
| १३. | श्री जानकी दास | कार्यपालिका सदस्य | |
| १४. | श्री रन्जित जंग अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णयहरु :

निर्णय नं. १.

गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरु बाट भएका निर्णयहरुको समीक्षा गरियो। कार्यन्वयन गर्न बाँकि निर्णयहरु यथाशीघ्र कार्यन्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २.

हाल गाउँपालिका संचालन भईरहेका तथा वडा नं. ५ स्थित कार्यालयको बाउन्ड्री वाल गर्ने र सो को लागि रकम रु. ७०००००.०० भैपरी पुँजीगत शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ३.

हाल न्याय समिति, उपाध्यक्ष ज्युको च्याम्बर, शिक्षा शाखा , स्वास्थ्य शाखा, पूर्वाधार विकास शाखा, पन्जीकरण, प्रधानमन्त्री स्व-रोजगार कार्यक्रम, कृषि विकास शाखा, पशु विकास शाखा लगायत अन्य कार्यालयको काम काजको लागि भाडामा लिइएको घर भाडा मिति २०७९\०४\०१ गते देखि २०८०\०३\३० गते सम्मको लागि म्याद थप \ नविकरण गर्ने साथै नेपाल प्रहरीको लागि लिइएको भवनको मिति २०७९\०४\०१ गते देखि २०८०\०३\३० गते सम्म, त्यस्तै ट्राफिक प्रहरीको लागि लिईएको भाडाको भवनको म्याद मिति २०७९\०४\०१ गते देखि २०८०\०३\३० गते सम्म, स्टोरको लागि लिईएको कोठाहरुको हकमा समेत मिति २०७९\०४\०१ गते देखि २०८०\०३\३० गते सम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं. ४.

नयाँ बन्दै गरेको प्रशासनिक भवनको सुरक्षाको लागि बाउन्ड्री वाल गर्ने र सो को लागि रकम रु. २००००००.०० प्रदेश सरकारको सम्पुरक अनुदानबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ५.

मिटिंग हलको लागि हाललाई ३५ थान कुर्सी खरिद गर्ने सो मा लाग्ने अनुमानित रकम रु. २०००००.०० भैपरी पुँजीगत शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ६.

नयाँ बन्दै गरेको प्रशासनिक भवनमा बनाईएको ड्रोविंग डिजाइनमा एकै पट्टि २ वटा झ्याल र भित्र पट्टि झ्याल नै नभएको हुनाले ड्रोविंग डिजाइनमा भएको दुईवटा झ्याललाई एउटा बाहिर पट्टि र अर्को भित्र पट्टि लगाउने निर्णय गरियो साथै आजको निर्णयको जानकारी सम्बन्धित ठेक्केदारलाई जानकारी गराउने।

निर्णय नं. ७.

यस गाउँपालिकामा शशर्त अनुदान तर्फ प्राप्त भएका राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको कार्य शिक्षा नियमावली बमोजिम समयमै संचालन गर्ने साथै त्यसको लागि प्रस्ताव आव्हान गरि प्रचलित कानुन बमोजिम कार्य प्रारम्भ गर्ने निर्णय गरियो |

निर्णय नं. ८.

गाउँ कार्यपालिका अन्तर्गत विषयगत शाखाहरुमा आवश्यकता बमोजिम Desktop, Laptop, Printer, Scanner, Hard Disk दिनु पर्ने भएको हुनाले उक्त सामानहरु के कति मात्रामा आवश्यक पर्ने हो सो यकिन गरि खरिद प्रक्रिया अगाडी बढाउने र सो को लागि भैपरी चालु खर्च बाट बजेट विनियोजन गर्ने निर्णय गरियो |

निर्णय नं. ९.

छैठौ गाउँ सभाबाट पारित भएका विषयगत शाखाहरुको बजेटलाई ब्रेक डाउन गरि कार्य अगाडी बडाउने निर्णय गरियो |

निर्णय नं. १०.

नयाँ बन्दै गरेको प्रशासनिक भवनमा सि.सि. क्यामेरा जडान गर्नु पर्ने भएको हुनाले सो को खरिद प्रक्रिया अगाडी बढाउने साथै उक्त कार्यमा लाग्ने रकम रु. ७०००००.०० भैपरी शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो |

निर्णय नं. ११.

यस गाउँपालिका अन्तर्गत वडा नं ४ पर्ने Health Post को बाटोमा माटो तथा ग्राभेल गर्न रकम रु. ३०००००.०० भैपरी पुँजीगत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो |

निर्णय नं. १२.

नयाँ बन्दै गरेको प्रशासनिक भवनमा भएको थपको कार्यको लागि प्राबिधिक शाखाको मूल्यांकन बमोजिम Running Bill दिने निर्णय गरियो |

निर्णय नं. १३.

नयाँ बन्दै गरेको प्रशासनिक भवनको लागि आवश्यक पर्ने फर्निचर, सोफा, कार्पेट, पर्दा लगायत अन्य सामानहरु खरिद गर्ने साथै सो मा लाग्ने खर्च भैपरी पुँजीगत शिर्षक बाट विनियोजन गर्ने निर्णय गरियो |

निर्णय नं. १४.

शीर्षक नम्बर ३७२ मा पारित भएका रकम रु. ३०००००००.०० प्रदेश सरकार बाट प्राप्त बजेट बाट " गाउँपालिका भरी सिचाई जडान कार्य " गर्ने भनि निर्णय गरियो | साथै उक्त योजना स्वीकृतिको लागि प्रदेश सरकारमा पठाउने निर्णय गरियो |

निर्णय नं. १५.

गाउँपालिका अन्तर्गतका सार्बजनिक पोखरीहरु ठेक्का लगाउने निर्णय गरियो |

निर्णय नं. १६.

गाउँपालिका अन्तर्गत रहेका टुट फुट तथा काम नलाग्ने जिन्शी सामानहरुको हकमा मर्मत गर्नु पर्ने भएमा मर्मत गर्ने र मर्मत हुन् नसक्ने माल सामानको हकमा प्रक्रिया पुरा गरि लिलामी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो |

निर्णय नं. १७.

पुर्वाधार विकास शाखाको लागि काम काजको लागि थप एक जना ईन्जिनियर काम परेको बेला अन्य पालिकाबाट मगाई काम काज गराउने निर्णय गरियो |

निर्णय नं. १८.

यस गाउँपालिका अन्तर्गत वडा नं ४ पर्ने Health Post को मर्मत सम्भार, रंग रोगन गर्न रकम रु. ३०००००.०० भैपरी पुँजीगत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो |